# घर/जग्गा खरिदको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१/०७/२६**

यस कम्पनीले नेपाल बीमा प्राधिकरणबाट जारी भएको निर्देशनको अधिनमा रही कार्यालय तथा व्यवसायिक प्रयोजनका लागि तपशिल वमोजिमको घरजग्गा खरिद गर्न आवश्यक भएकोले घरजग्गा बिक्री गर्न इच्छुक व्यक्ति/संघ संस्थाहरुबाट तपशिलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही बिक्री प्रस्ताव यस कम्पनीको केन्द्रिय कार्यालय, क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौंमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| स्थान | घर सहित वा घर रहित जग्गाको क्षेत्रफल |
|---|---|
| विराटनगर महानगरपालिका क्षेत्र भित्र | १० (दश) आना वा ३,४२२ वर्ग फिट देखि माथी |
| बिर्तामोड नगरपालिका क्षेत्र भित्र | |

१. इच्छुक व्यक्ति/संघ संस्थाहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र बिक्री प्रस्ताव पेश गर्नुपर्नेछ। बिक्री प्रस्ताव पेश गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो बिदाको भोलि पल्टलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन तथा खोलिने दिन मानिनेछ। साथै सो प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलिपल्ट यस कम्पनीको केन्द्रिय कार्यालयमा खोलिने छ।

२. प्रस्तावित घरजग्गा करिब ८ मिटरको मुल सडकसँग जोडिएको हुनु पर्नेछ।

३. बिक्री गरिने घरजग्गाको प्रति रोपनी मूल्य स्पष्ट खुल्ने गरी अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, सो सम्बन्धमा कुनै विवाद उठेमा अक्षरमा लेखिएको मूल्यलाई कायम गरिनेछ।

४. उक्त घरजग्गाको कित्ता नं. स्पष्ट देखिने ब्लुप्रिन्ट नक्सा अनिवार्य रूपमा समावेश भएको हुनुपर्नेछ।

५. घरजग्गाको स्थान खुल्ने नक्सा (Location Map) र सो नक्सामा जग्गाको सिमाना चिन्ह लगाई नक्सा पेश गर्नुपर्नेछ।

६. उक्त जग्गामा घर निर्माण भएको भए घरको नक्सा तथा घर निर्माण सम्पन्न प्रमाण-पत्र पेस गर्नु पर्नेछ र घर निर्माणाधिन अवस्थामा रहेको भए सम्बन्धित निकायबाट प्रदान गरिएको भवन निर्माण ईजाजत-पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ।

७. प्रस्तावित घरजग्गाको प्रमाणितरूपमा जग्गाधनीको आवेदन वा आवेदन दिन अख्तियारीनामा कागजात, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, चालु आ.व.को तिरो तिरेको रसिदको प्रतिलिपि संलग्न हुनुपर्नेछ।

८. जग्गाधनी दर्ता प्रमाणपत्रमा उल्लेखित जग्गाको क्षेत्रफल र फिल्डमा नाँपजाँच गर्दा यकिन भएको क्षेत्रफल मध्ये जुन कम हुन्छ सोहि क्षेत्रफल कायम गरिनेछ।

९. संस्थागत घरजग्गाको हकमा जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र अख्तियारी प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामा कागजात समेत पेश गर्नुपर्नेछ।

१०. प्रस्ताव पेश गर्दा खाममा "नेपाल लाइफका लागि घरजग्गा बिक्री प्रस्ताव" उल्लेख गरी कुन स्थानको हो सो समेत खाममा खुलाई तोकिएका म्याद भित्र तल दिएको ठेगानामा दर्ता गराउनु पर्नेछ।

११. उल्लेखित घरजग्गाको सम्बन्धमा कुनै प्रकारको विवाद, मुद्दा मामिला नरहेको हुनुपर्नेछ र सो को स्वःघोषणा पेश गर्नुपर्नेछ।

१२. उल्लेखित घरजग्गाका कुनै पनि प्रकारले बैंक तथा वित्तीय संस्था वा अन्य निकायमा धितो जमानतको रूपमा रही रोक्का रहेको भए सो को सम्पूर्ण विवरण समेत पेश गर्नुपर्नेछ।

१३. प्रस्तावित घरजग्गा खरिदको प्रक्रिया अगाडि बढाउने/नबढाउने, खरिद गर्ने/नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।

**नेपाल लाइफ**
इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...


रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-५९७०९७१
इमेलः info@nepallife.com.np
वेबसाइटः www.nepallife.com.np